# भेटै नभएका मान्छेको 'फ्यान' बनेपछिको चक्कर ...

"ती तिम्रा मुकुटहरुको हिड्छु जुत्ता लगाई
के सक्छ रोक्न फुच्चे पर्खालले मलाई!"

मेरो एकजना साथीले यो पङ्ती मलाई सुनाए । घत लाग्यो- कसले लेखेको हो, शुरुमा सोधखोज गरिन । जतिखेर म पुल्चोकको ईञ्जिनीयरिङ्ग क्याम्पसमा पढ्दै थिएं, त्यो वेला म मा राजनीतिक परिपक्वता भन्दा ज्यादा "युवा सुलभ" चञ्चलता नै थियो । र थियो, "ढाल्दिन्छु, फ्याक्दिन्छु, मनले चिताए जस्तो बनाउछु- गर्नसक्छु" जस्तो जोस !

सायद त्यसैले हुनसक्छ, मलाई माथिको पङ्ती मन पऱ्यो! पङ्ती ठीक यही थियो वा थिएन थाहा छैन, तर मैले ती पङ्तीका लेखकलाई आफ्नो "फेवरेट लेखक" बनाएँ !

लेखकहरु मन पर्नलाई उनीहरुको रचनाले आफूलाई कति हदसम्म छुनसक्छ, त्यसले धेरै 'तल-माथि' पार्दो रहेछ । म किशोर उमेरमा रहँदा नै पुस्तकालयमा लुकी-लुकी भारतीय लेखकहरुले लेखेका सामाजिक र जासुसी उपन्यास पढ्ने लतमा परिसकेको थिएं । उपन्यासका आफूलाई मन परेका पात्रसंग मिले पनि नमिलेपनि आफूलाई मिसाउने र साथीहरु भेट्दा 'यो उपन्यास त मेरै जीवनसँग जोडिएको रहेछ यार' भन्दै गफ लगाउने स्वभाव म र मेरा साथीहरुमा परिसकेको थियो ।

मलाई प्रश्रित मन पर्नुका पनि केही कारणहरु थिए । पहिलो, उनको नाम (प्रश्रित) नै नौलौ लाग्यो । दोस्रो, उनी संस्कृत-अंग्रेजी-नेपाली-हिन्दी जस्ता धेरै भाषा जान्ने प्रकाण्ड विद्वान हुन् भन्ने सुनेको थिएँ । कसै कसैले त 'हाम्रो देशको राहुल साँकृत्यायन' भनेको पनि सुनेको थिएं । राहुल को थिए, कति तगडा थिए त्यो अर्कै कुरा भयो । तेस्रो, उनी जेल समेत फुटाएर हिडेका बहादुर नेता मात्र हैनन्, 'कलाकार' पनि हुन् भन्ने सुनेको थिएं । र, सबैभन्दा महत्वपूर्ण कुरा, त्यतिखेर म मा "आफू दुनियाँको जान्ने मान्छे हुँ" भन्ने भ्रम थियो- प्रश्रित आधुनिक शिक्षामा स्नातकोत्तर, आयुर्वेदका डाक्टर र संस्कृतका विद्वान हुन् भन्ने सुनेकाले यस्ता विद्वान "प्रश्रित"लाई नरुचाए कस्लाई मन पराउने?! प्रश्रितको 'फ्यान' बन्ने मेरा कारणहरु यस्तै-यस्तै थिए ।

शुरुमा मलाई 'प्रगतीशिल र गैरप्रगतिशील साहित्य' बारे केही ज्ञान थिएन । जतिखेर मैल केही बुझें मुस्किलले १ दर्जन जति प्रगतिशिल साहित्यकारहरुको नाम मलाई ज्ञान थियो । 'मोदनाथ प्रश्रित नेता हुन् र मदन पुरस्कार जितेका लेखक पनि' भनेपछि म उनका पुस्तक खोज्न थाल्ने भएको थिएँ । खल्तीमा नोट नभए कै कारण सकेसम्म सापट मागेर पढ्ने वानी शुरु भएको थियो । तर प्रश्रितका किताप त्यतिखेर न त बजारमा सहज पाइन्थ्यो न त माग्ने साथीहरु नै मनग्गे थिए । यस्तै बीच मैले पहिलो चोटी "नारी बन्धन र मुक्ति" फेला पारें, एकजना साथीबाट । मेरो हातमा पर्दा त्यो किताव पाठकवृन्दहरुले बटार्दा बटार्दा झुत्रो भएको अवस्थामा थियो ।

‘नारी बन्धन र मुक्ति’ वास्तविक जीवनसंग सम्बन्धित छ अरे भन्ने पनि सुनेको थिएं । केही साथीहरुले त “वास्तविक मात्रै होइन, स्वयं प्रश्रितले आफ्नी वालविधवा बहिनीलाई लेखेको पत्र” भनी अर्थ्याएका थिए ।

तर्क-
“यौटा लोग्ने मरे अर्को नामैपनि नसंझनु,
चोखो रुखो-सुखो खाई आफ्नो जिउ सुकाउनु ।

प्रतिवाद-
केटी चोखी भएदेखि नपरी सहवासमा,
विधवा सधवा जेहोस् विहे अर्को गराउनू ।”

“आफ्नी वालविधवा बहिनीको पुनरविवाह विरुद्ध आफ्ना पिताजीले सुनाएको ‘मनुस्मृति’को श्लोकलाई ‘मनुस्मृति’कै श्लोकबाट यसरी किन पुनरविहे गर्न उपयुक्त हुन्छ भनी ‘सवाल/जवाफ गरेको रे” भन्ने पनि सुनेको थिएं । जस्ले जे तर्कको सहारामा यथास्थिति र कुसंस्कारको वकालत गर्छ, प्रश्रितले त्यही विधामा टेकेर लस्तपस्त पारिदिन्छन् भन्ने चर्चा पनि पटक पटक मैले सुनेको थिएं । धर्म भिरुहरुलाई धर्मशास्त्र कै पुस्तक पल्टाएर, वैज्ञानिकलाई विज्ञानकै पुस्तक फिँजाएर, दर्शनशास्त्रका कुरा गर्नेलाई दार्शनिक तर्कबाट आदि इत्यादि । यसरी उनी मेरा “मिथक आदर्श” बन्न पुगेका थिए ।

त्यसैले ‘नारी बन्धन र मुक्ति’ हात पर्ना साथ मैले लगातार पढेर सकें । यसका हरेक परिच्छेद र त्यसमा उधृत गरिएका श्लोक र कविता मेरालाई घत लाग्दा मात्रै बनेनन्, तिनिहरुले आङ जिरिङ् जिरिङ् नै पारे । मैले थुप्रै पङ्तीहरु आफ्नो कापीमा सारें र कन्ठ पारें । पछि विद्यार्थी संगठनका कतिपय राजनीतिक प्रशिक्षणमा तिनै पङ्तीलाई उधृत गर्दै आफूलाई “जान्ने” प्रमाणित गर्ने प्रयाससम्म गरें ।

म रुढीवादी वाहुन परिवारमा एक्लो छोरोको रुपमा जन्मेको मानिस । मेरा पिताजी स्वयं पण्डित हुनुहुन्थ्यो, त्यती धेरै कर्मकाण्ड चाँहि नगर्ने । तर म हुर्के-बढेको मामाघरका हजुर‘वा पण्डित तथा ज्योतिष हुनुहुन्थ्यो; धर्मकर्ममा असाध्यै नाक-निक गर्ने । मेरी माइली माइजु स्वयं पनि वालविधवा हुनुहुन्छ । ‘नारी बन्धन र मुक्ति’ पढ्नु अघि समाजमा चलि रहेको जे मान्यता थियो त्यसैमा मेरो समर्थन थियो ।

म मेरो स्कूलको पढैया विद्यार्थी थिएं, तर जात जान्छ भनेर रात वस्ने गरी स्कूलले आयोजना गरेको जिल्ला स्तरीय हाजिर जवाफ प्रतियोगितामा समेत जाने अनुमती नपाउनु; यहाँसम्म की गैर बाहुन साथीहरुको घरमा खाजा समेत खाने की नखाने, खांदा “जात गयो भनेर ‘बुढा’ले बबण्डर

मच्चाउने हुन् की” भनेर सदा त्रशित रहनु पर्ने स्थितिले व्यवहारत: धर्म, जातपात, प्रचलनप्रति मेरो मनमा वितृष्ण बढ्दै थियो ।

‘नारी बन्धन र मुक्ति’ मैले नेपाली भाषामा पढेको त्यस्तो पहिलो पुस्तक बन्यो, जसले ‘समाज विकासक्रमको सृङ्खला र नेपाली समाज, इतिहासमा महिला र महिला-पुरुष वीचको असमानता, परम्परा र अमिल्दा व्यवहार; र समाज फेर्छु भन्नेले गर्नु पर्ने कामका फेहरिस्त’ एकै पटक सिकायो ।

जस्तो की मैले आफ्नो टिपोटमा यसरी सारें- “मनुस्मृति मनु जस्ता पुरुषले लेखेकाले महिलाका विरुद्ध लेखे: ‘स्वास्नी मरेपछि उस्को कृया- काज सकेपछि, अर्की स्वास्नी ल्याइहाल्नू र सन्तान बढाउनू।’ अनि तिनैका अनुयायी पण्डितहरुले शास्त्र छांटे- ‘लोग्ने मरेकी विधवा उसैको धर्ममा बसे, स्वर्गसम्म सिधै पुग्छे सन्तानै नभएपनि’ ।”

सामान्यतया ‘फिक्सन बुक’हरुको कुनै नोट नबाउने बानी थियो मेरो । ‘नारी बन्धन र मुक्ति’लाई सत्य तथ्य मान्ने की काल्पनिक? म बढो द्विविधामा परें । सुनेका आधारमा सत्यकथा, गहकिला तर्क र सुरुचिपूर्ण लेखाईले प्रशिक्षण सामग्रिको दर्जामा मैले यसलाई उकालें । तसर्थ एक पछि अर्को परिच्छेदको शीर्षक सार्दै घत परेका उद्धरण पनि टिपें ।

“नाम अर्द्धाङ्गिनी काम चरण की दासी; के नारीको हालत संधै यस्तै थियो, आदिम साम्यवाद, मातृसत्ता, कविला समाज, दास जुग, राज्यसत्ता, वर्गसंघर्ष ... अनि एकपछि अर्को गर्दै फेरिएका समाज व्यवस्था !” महिलालाई प्रमुख पात्र बनाएर सिंगो इतिहास र समाज विकासक्रमलाई मैले सरसर्ती यसैबाट बुझें ।

म एसएलसी परीक्षा दिन काठमाडौं पहिलो चोटी आउंदा मेरा हजुरबाले झोलामा हालिदिनु भएको १२ हात लामो धोती र २ जोर जनै बोकेर आएको थिएं । न्युरोड संकटामा घर भएका हाम्रो घरजग्गाका विर्तावालको’मा ‘पेइङ् गेस्ट’ को रुपमा रहंदा समेत लुगा लगाएर पकाउने भान्छेले दिएको भात मैले झण्डै डेढ महीना धोतीपाटा बेरेर खाएको थिएं । ईञ्जिनियरिङ्ग क्याम्पसमा भर्ना भइसक्दा समेत गैर-बाहुनहरुले पकाएको भात नखाएको म जस्तो व्यक्तिको “विहे, व्रतबन्ध र अन्य कर्मकाण्ड”बारे रहेसहेको विस्वासको जग ‘नारी बन्धन र मुक्ति’ले वास्तवमा हल्लाई दियो । किन यसो गर्ने? किन त्यसो नगर्ने- यो पुस्तकले बोल्ने आवाज दियो ।

मैले कुनैपनि ‘वेद’ पढेको छैन र चर्चित ग्रन्थ ‘गीता’को पनि ज्ञान छैन । पुरेत पण्डितहरुले संस्कृतमा भट्याउने श्लोकको अर्थ केहो मलाई के पत्तो हुनु?

> “जो म हूँ त्यही तिमी हौ, जो तिमी हौ त्यही म हूँ... तिमी गीत हौ म संगीत हूँ, तिमी पृथ्वी हौ म आकाश हूँ । ...यो तिम्रो मुटु मेरो मुटु बनोस्, यो मेरो मुटु तिम्रो मुटु बनोस् ... ”

विहेमा दुलहालाई भट्याउन लागाईने मन्त्रको अर्थ यस्तो हो । ऋग्वेदमा “हे विधवा स्त्री, तिमी यस मरेका पतिको आसा छाडेर अर्को पति खोज … हे सौभाग्यको कामना गर्ने नारी! तिमीले अब अर्को पतिको इच्छा राख ।” लेखिएको छ भन्ने पढेपछि मलाई हाम्रो गाऊँको काजी पुरेत भन्दा पनि जान्ने भएं जस्तो लाग्यो । तर यो सरकारात्मक उत्साहका साथै प्रश्रित लिखित मैले पढेको पहिलो पुस्तकले मेरा केही ‘रोल मोडेल’ प्रतिको आस्था भने ऐना झै चकनाचुर पारी दियो । म, भानुभक्तलाई सरल नेपाली भाषामा रामायण उल्था गर्ने महान आदिकवीको रुपमा सम्मान गर्थे । उनको बधुशिक्षा र प्रश्नोत्तरी त्यतिखेरसम्म मैले पढेको थिइन । तर नारी बन्धन र मुक्तिमा उधृत यी पङ्तिले उनीप्रति सम्मान हैन ‘जरह’ छुटेर आयो !

“अर्काको घरमा नजानु कहिल्यै आफ्ना घरैमा बसी
जे हुन् सबचीज् जती छ घरमा कूना र कानी पसी…

हाँस्नू छैन कदापी नारीहरुले वेश्या हुन्या हाँस्दछन् ।”

“कुन मूल ढोका छ नरक् कि? - नारी,
लग्छे नरक्, मोह ठुलो फिंजारी ।
कुन् हो ठुलो सर्व विवेक हर्न्या?
स्त्री सब् पिशाच् हुन् भनी दूर गर्न्या ।”

यस्तै तुलसीदासको- “ढोल, गवार, शूद्र पशु, नारी; ये सब ताडन के अधिकारी”; वालकृष्ण समको “पतिभक्ति त मर्दैन पापी पति भएपनि” जस्ता पङ्ति नै उहाँहरुप्रति आस्था नगर्ने दसि-प्रमाण बन्न पुगे । यहासम्म की माधवप्रसाद घिमिरेको राजेश्वरीबाट उधृत गरिएको पङ्ति- “स्वामीको सतमा रहेर जसमा स्त्री जाति जान्छन् सती, बाल्छन् दिव्य सहस्र ज्योतीहरुले त्यो देशमा उन्नती!” ले ‘यस्ता पापी पनि के का कवीवर’ भन्ने भावना जन्माईदियो ।

हो यहींबाट मलाई मेरा साथीहरुले “प्रगतिशिल” र “गैरप्रगतिशील” साहित्यकारको वर्गीकरण वुझाए । अझ उनीहरुले त ‘सबै पढ र विश्लेषण गर’ भन्नुको साटो “यस्ता, यस्ता चाँहि पढ; अरु हेर्दै नहेर” भन्ने दिक्षा समेत दिन भ्याए ।

मनुस्मृतिबाट उधृत गरिएको- “घुम्ने स्त्रीहरु नासिन्छन्, परपुरुषसंग लाग्ने स्त्री मरे पछि स्याल हुन्छे …. रोगको लक्षण काँसो, वेश्याको लक्षण हाँसो । ….आफ्नो लोग्ने छोडेर जान खोज्ने आइमाईलाई बलपूर्वक पक्डेर कुकुरले टोक्न लगाउनू । लैजान खोज्नेलाई फलामले डामेर मार्नू…”ले मलाई धर्मप्रति औंला उठाउनेदेखि कुरीतिप्रति ‘वगावत’ गर्न समेत उक्साउन थाल्यो ।

यो कृति पढ्दा पढ्दै मैले आफू संलग्न एउटा घटनासंग यसलाई जोडें । म त्यतिखेर ११ वर्षको हुँदो हुँ । हाम्रा मावली खलकी एकजना सानी’माले आफ्नो लठेब्रो लोग्नेलाई छक्याएर

परपुरुषको गर्वधारण गरिछन् । उनको त्यो वेइमानी ७ महिनामा मै वच्चा जन्मिएपछि खुल्यो । त्यतीखेरका कट्टर बाहुनहरुमा भात/पानी काढ्न यत्ति नै प्रयाप्त हुन पुग्यो । दुर्भाग्यवस त्यही वेला ती सानी'माका पिता विते, मामाहरु क्रिया बसे । मेरा मामाघरका हजुरवाका "आदेश"मा त्यतिवेला गाँऊघरको 'धार्मिक नियम' बस्ने गरेकाले हुनसक्छ, ती मामाहरुले बहिनीको अनुचितकर्ममा आफ्नो कुनै दोष नभएको र भात/पानी काढ्नु पर्ने खण्डखातिर नरहेको निवेदन उहाँलाई गरे । मेरा हजुरवा आवस्यकता भन्दा ज्यादै रुढीवादी हुनुन्थ्यो, उहाँले पटक्कै सुन्नु भएन । तेह्रौं दिनको दिन सुद्धशान्तिको वेला डाकिएकाहरुमा 'त्यहाँको भतेर खाने की नखाने' भन्ने अनिश्चय थियो । बाहुनहरु बहानवाजी गर्दै तर्कदै थिए भने पुरेत, 'सैया त्यतिकै बोकेर भाग्ने की भात खाने' भन्नेमा रनभुल्ल थिए । भतेर खाएमा भोलीपल्टबाट आफ्नो पनि भातपानी काढिने र जजमानी सिद्दिने आतङ्क उनमा थियो । गाऊँका प्रभावशाली गैर-बाहुनहरु भने यसको विपक्षमा थिए । मैले यो काण्डको गाईगुई पटकपटक सुनेको थिएं ।

मामागाउंमा मलाई सबैले भान्जा भन्थे । त्यसदिन म त्रिशुली हाईस्कूलबाट फर्कदै थिए, मलाई देख्नासाथ, 'ए भाञ्जा, ल आउ टिका लाउन- सुद्धशान्ति खाना' भन्दै सबैले एकै स्वरमा डाके गरे । त्यो मप्रति सम्मान वा माया थिएन, उनीहरुको पनि षडयन्त्र थियो । यदी म भान्छामा पसि जुठो मुख गरि दिएमा मेरा हजुरबाको पनि भाता विटुलिने निश्चित थियो । म त्यति चाँहि बुझ्थें । एकपटक सोचें- के गर्ने? मलाई ती मामा पर्नेहरु मन पर्थे । मनमा आयो मैले खाई दिंदा "भात चल्छ" भने किन नखाउं? फेरी हजुरबाको संझना आयो- मेरै भात काढे भने?! "जेता पर्ला, देखा जायगा" म भान्छामा गएँ, खाए जस्तो गरें र हिंडे ।

मेरो त्यो कामलाई गाऊँभरी 'ठुलो विद्रोह' ठानियो । हजुरबाको चर्कै गाली खाए पनि २५ पैसाको गौ-दाना गरेर म चोखिएं, साथै ती मामाहरुको भातपानी पनि त्यसै दिनबाट चल्यो । 'त्यतिखेर ठीक गरें की वेठीक?' भन्ने अनुत्तरित प्रश्नको जवाफ-'नारी बन्धन र मुक्ति' पढीरहंदा प्रश्रितले "वावु, तैंले यस्ता काम त बहुत ढिलो गरिछस्" भनेजस्तो मैले ठाने । पुस्तक पढेपछि साथीहरुका सामु फुंई लाउन यो पनि एउटा विषय बनेको थियो मेरो ।

कृति जस्तो छ, कृतिका सर्जक त्यो भन्दा उम्दा हुनुपर्छ की पर्दैन; बहसको विषय हुनसक्ला । तर मेरो त उमेरै त्यस्तो थियो त्यो वेला- फिल्म हेर्न गए मन परेको पात्र जस्तो बन्न मन लाग्ने! क्याम्पसको कक्षामा सबैभन्दा मन पर्ने प्राध्यापक जस्तै हुन मन गर्ने! गाडी चढ्दा ड्राइभर जस्तो त फुटवल हेर्दा "स्ट्राइकर" जस्तो हुन मन लाग्ने! त्यसैले मलाई लाग्यो पुस्तक त यति तगडा छ भने प्रश्रित कति दामी होलान् हँ?!

प्रश्रितसंग भेट्ने इच्छा तीव्र भयो तर यो आकाँक्षा धेरै पछि मात्र पूरा भयो ।

…  ….  ….

'नारी बन्धन र मुक्ति'बाट प्रश्रितलाई जाने पछि भेटेसम्म उनका लेखहरु पढ्ने बानी पर्‍यो । यसवीच म साहित्यिक कृतिको पाठक भन्दा बढी आफ्नो राजनीतिक मिसनलाई सघाउने सामग्रिमा चाख राख्नेमा रुपान्तरित भएको थिएं । त्यसैले जति चर्चा सुनेपनि लामो समयसम्म मैले प्रश्रितको 'मानव' महाकाव्य पढ्दै पढिन । र मेरो दमालीका तन्नेरीले बोल्ने डायलग- "त्यो अलि आदर्शवदी वुर्जुवा टाइपको छ" ले मलाई काफी हदसम्म प्रभावित गरेको थियो ।

प्रश्रितका अधिकाँस कृतिहरु मैले पढें तर केही कृतिहरुलाई भने 'मास्टर पिस' नै मानें । देवासुर संग्राम र गोलघरको सन्देस मलाई बढी मनपरेका कृतिहरु हुन् । आफू 'अप्लाईड साइन्स'को विद्यार्थी रहेकोले 'जिवाणुदेखि मानवसम्म' (त्यो वेला, मानेरादेखि मानवसम्म) पनि मेरो हैसियतको राजनीतिक मिसनको लागि उपयोगी सामग्रि बन्यो ।

माथि उल्लेख गरेझैं 'नारी बन्धन र मुक्ति'ले जसरी सिँगो समाज बुझ्न बल पुर्‍यायो, ठीक त्यस्तै यी कृतिहरुले आ-आफ्नै प्रकारले समाज र व्यवस्था बुझ्न मलाई मद्दत गर्‍यो । यस अर्थमा भन्दा आफूलाई 'एकलव्य'को ठाऊँमा राखेर मैले प्रश्रितका कृतिलाई 'गुरु' थापें आफ्नो राजनीतिक यात्रामा ।

अहिले हामी बन्द/हडतालप्रति दिक्दारी प्रदर्शन गर्छौं । कुनै दिन कसैले "नेपाल बन्दको इतिहास" लेख्यो भने निश्चित रुपमा त्यसले अनेरास्ववियुको नाममा २०३७ साल चैत १४ गते भएको 'नेपाल बन्द'लाई 'पहिलो बन्द' अवस्यै भन्ने छ । त्यो वेला जनसाधारणले थाहा पाउने गरी पञ्चायती शासकको विरुद्ध राष्ट्रव्यापी विरोध प्रदर्शन गर्नु चानचुने कुरा थिएन । तर चैत १४ अभुतपूर्व सफल भएको थियो । हाम्रो जस्तो औद्योगिकरण नभएको मुलुकमा औद्योगिक हडतालले आर्थिक रुपमा प्रभाव पार्ने भएपनि ठूलो संख्यामा रहेका गैह्र-औद्योगिक श्रमजीवी जनतालाई प्रत्यक्ष प्रभाव पार्दो रहेनछ । त्यसैले, मेरो विचारमा, "नेपाल बन्द" विसौं शताव्दीमा युरोप र विकसित पश्चिमा मुलुकहरुमा अलोकतान्त्रिक शासकहरुलाई "निहुरिमुन्टि न" बनाउने आम हडतालको रचनात्मक प्रयोग थियो, 'नेपाली संस्करण'को रुपमा । त्यसपछि आयोजना गरिएका "नेपाल बन्द"हरुले हाम्रो समाजमा दुरगामी प्रभाव पारेकै छन् ।

२०३९ सालमा प्रकाशित 'गोलघरको सन्देश'ले हाम्रा यस्तै भावनालाई ट्याक्कै समातेको थियो। 'गोलघरको सन्देश'का निम्न हरफहरु प्रश्रितले 'नेपाल बन्द' अभियानका म जस्तै कार्यकर्ताका प्रसंसामा लेखेका थिए ।

"कति साह्रै मिलेका हाम्रो देशका लालुपाते बैंसहरु
यी भावी नेपालका महान् निर्माता विश्वकर्माहरु
मानौं आज सिंगै नेपाल यिनको मुठीमा आएको छ,
र यिनले "बन्द" भन्दा यो बन्द हुन्छ
"खुल" भन्दा खुल्ला हुन्छ ।"

पटक पटक दोहराएर कन्ठस्थ पारेका यी पङ्तिहरु मैले पछि-पछिका 'बन्द'हरुमा हाम्फाल्न मेरा वयका र म भन्दा पनि तन्नेरी युवाहरुलाई उक्साउन प्रयोग समेत गरेको छु ।

म त्यतिखेर पुल्चोक क्याम्पसमा भरखर प्रशिक्षक भएको थिएं । तत्कालिन नेकपा (माले) को उपत्यका समन्वय कमिटीले मलाई पाटनका तीन क्याम्पस र नगरमा पार्टीकामको जिम्मा दिएको थियो । अहिले ईञ्जिनीयरीङ्ग विधामा विद्यावारिधी गरिसकेका मेरो एकजना साथी त्योवेला पाटन क्याम्पसमा विज्ञान पढ्दै थिए । दिउसो रत्नपार्कमा बाँसवारी छाला तथा जुत्ता कारखानाको उत्पादन विक्रि गर्थे । पिस्कर हत्याकाण्डपछिको शिवरात्रीमा हामीले पशुपतीमा पञ्चायत विरोधी पर्चा छर्ने योजना गऱ्यौं । "हामी सक्छौं कमरेड!" यसोभन्दै एउटा बैठकमा मैले 'गोलघरको सन्देश'का तलका हरफहरु दोहराएँ र ती दोलखेली साथीलाई प्रस्तावित योजनामा सामेल हुन वेस्सरी उचालें ।

"हो, वास्तवमा यो देश
पशुपतिको हातमा हैन र अरु कसैको हातमा हैन,
यिनै युवाहरुको हातमा आएको छ,
किनभने,
यो संसार शेषनागको टाउकोमा हैन,
युवाशक्तिकै पाखुरामा अडिएको छ ।"

साथी उत्साहित भए, र राती पर्चा छर्ने "क्रान्ती"मा होमिए । यो उनको पहिलो 'एक्सन' थियो, त्यसैले उनमा "पर्चा छर्नेलाई जासुसहरुले पछ्याउंछन् र समातिएमा प्रहरी-खोरमा जाक्छन्" भन्ने त्यती साह्रो चेत थिएन । हामीले सतर्क रहने उपयुक्त तरीका सिकाएनौं । सायद कार्यकर्ता डराउंछन् भन्ने पो ठान्यौं की?! भयो पनि त्यस्तै! "पञ्चायती तानाशाही-मुर्दावाद!" को नारा लाग्न साथ उनले आफूले लगाएको छालाको जाकेटबाट पर्चाको विटो निकाले र मास्तिर हावामा हुऱ्याई दिए । पहिले देखिनै "फलो" गरिरहेको जासुसले उनको हात तलझर्नै नदिइ च्याप्पै समात्यो र 'ठाउँ - का- ठाउँ' मै भकुर्न थाल्यो । ३/४ दिनको प्रहरी खोरको यात्रापछि उनी फर्किए र हामीसंग आगो ओकल्न थाले। 'तिमी पापीहरु', उनी जङ्गिए- "मलाई भन्नु पर्दैन, पर्चा छर्ना साथ भाग्नु पर्छ भनेर? मलाई भन्नु पर्दैन, कम्युनिस्टले छालाको ज्याकेट लाउनु हुन्न भनेर?" बल्ल पो भेद खुल्यो, उनी त समातिएकोमा रिसाएका हैन रहेछन्- बरु प्रहरीले यातना दिँदा 'साला, कम्युनिस्ट हुँ भन्छ, छालाको जाकेट लाउंछ' भनेकोमा दुःखित भएका रहेछन् !

त्यो वेलासम्म म अरु लेखकद्वारा सिर्जित प्रगतिशिल साहित्यको पनि पाठक बनी सकेको थिएं । पहिले नै नाम सुनेको राहुल साँकृत्यायनको 'मानव समाज' र प्रश्रितद्वारा लिखित 'देवासुर संग्राम' मैले संगसंगै पढें । 'मानव समाज'ले समाज विकासक्रमको विस्तृत खाका बोकेको जस्तो लाग्यो भने 'देवासुर संग्राम'मा पौराणिक काल र त्यसवेलाका पात्रहरुको नयाँ कोणबाट विश्लेषण थियो । दुवै कृतिले डोऱ्याउने दिशा चाँहि एउटै थियो- इतिहासको भौतिकवादी कोणबाट व्याख्या !

मैले विनम्रतापूर्वक एउटा कुरा उल्लेख गर्नै पर्छ, म मार्क्सवादका गंभीर ठेलीहरुको गहन अध्ययन गरेर कम्युनिस्ट पार्टीको नजीक पुगेको थिइन । न मलाई कुनै नाम चलेको कम्युनिस्ट नेताले यसतर्फ लाग्न प्रेरित गरेका थिए, न त गास-वास-कपासको अभावमा "हार्नलाई हत्कडी, जित्नलाई सारा संसार"को गौरवगाथा बोकेर यता लागेको थिएं । बस्, मनले भन्यो यतै लाग! अन्जान मै म तत्कालिन नेकपा (माले)को छेउमा पुगेछु ! जव त्यता पुगें, त्यसको 'स्कूलिङ्ग' सुहाउंदो बन्न ज्ञान बटुल्न थालें । र, नवुझिने, पट्यारलाग्दा "विदेशी भाषा प्रकाशन गृह"का सामग्रिका सट्टा आफूले सुनेका र आफ्नो परम्परागत संस्कारमा ठीक वा वेठीक भनिएका घटना र पात्रहरुलाई समेटेर सिर्जना गरिएका कृतिहरुलाई मैले आफ्नो मिसनको सहयोगी सामग्रि ठानें । कोरा सैद्धान्तिक पुस्तकहरुको तुलनामा यस्ता कृतिले दिने शिक्षाबाट धारणा परिवर्तनको लागि मद्दत पुर्‍याँउदो रहेछ । प्रश्रितका कृति मलाई यस्तै लागे । सरल तथा सुरुचीपूर्ण प्रस्तुतीका गहन विषय वस्तुले तुरुन्तै 'जान्ने भएँ है !' भन्ने अनुभुती पनि गराउँदो रहेछ । त्यसैले प्रश्रितका कृति मलाई मन परे; अनि मन परे- मोदनाथ प्रश्रित ! मेरा सन्दर्भमा पनि यस्तो हुन पुगेको छ । आफ्नो सतही ज्ञानको आधारमा 'जान्ने पल्टेर' कु-ठाँऊमा प्याच्च वोल्दा कसैले 'आधा खाली गाग्री छचल्कन्छ' भन्ने टिप्पणी गरेको पनि सहेको छु ।

… … …

प्रश्रित जेलबाट छुटेपछि डल्लुको एउटा सेल्टरमा उनीसंग मेरो भेट भयो । त्यहाँ अर्की एकजना महिला कार्यकर्ता पनि हुनुहुन्थ्यो । सेल्टरमा रहेकाहरुको अनुमति वेगर परिचय सोध्न बर्जित थियो भुमिगत कालमा । प्रश्रित रहेको सेल्टरमा मलाई संगै लैजाने कमरेडले उनीसंग मेरो परिचय गराए र भने- विष्णु जी "आर्टिस्ट" पनि हो । "अँ मैले सुनेको छु" प्रश्रितले भने । "प्रश्रितले भुमिगत पार्टीका सबै प्रकाशनको हेडमास्ट र कभर बनाउने काम गर्छन्" भन्ने थाहा पाएपछि म उनको थप 'प्रसंशक' बनेको थिएं । त्यो भेटघाट वास्तवमा कुनै प्रकाशनको कभर निर्माणको सन्दर्भमा गराइएको थियो । र मलाई प्रश्रितसंग संगत गरी पार्टी प्रकाशन र नाम चलेका लेखकहरुको कितावको कभर बनाउने रहर थियो ।

तर त्यतिवेला कुनै मौलिक सिर्जनाभन्दा पनि अर्काका कृतिहरुको नक्कल उतार्ने प्रकतिको चित्रकारी नियमित जस्तो गर्थे म । एउटा घटना म सदा सम्झन्छु । एकजना साथीले 'मार्क्सवाद पहिलो पुस्तक' नामक किताव पढ्न दिनु भयो । त्यसको गाता थिएन र अझै एक/दुई अरु पाठकले पढ्ने हो भने त्यसका अगाडि र पछाडिका केही पाता गायव हुने निस्चित थिए । मैले आफ्नो बानी अनुसार त्यसमा गाता हालें, कस्सिलो मुट्ठीको चित्र कोरें र कुनामा सानो अक्षर "मु" लेख्न भुलिन। त्यो वेला मैले देखेका साझा प्रकाशनका धेरै कितावका आवरणमा कतै न कतै 'मु' लेखेको देखेको थिएं । मलाई के लाग्यो भने चिठी लेख्दा टाउकोमा "श्री गणेशाय नम:" लेख्ने चलन भए झै कितावको कभर बनाएपछि कतै न कतै 'मु' लेख्नु पर्ने रहेछ ! म विचरालाई के थाहा, 'मु' लेखिएका पुस्तकहरुका आवरण कलाका चित्रकार टेकवीर मुखिया हुन् र त्यसमा उनले आफ्नो नाम लेखेको हो?!

यस्तो म बबुरालाई आफ्नो मिथक पात्रसंग चित्रकारीको सरसल्लाहको लागि भेटाइएकोमा म अलि हिचकिचाई रहेको पनि थिएं । तर मलाई त्यहाँ लैजाने कमरेडले भने मेरो राम्रै प्रसंसा गरिरहेका थिए- '... फलानु कार्यक्रमको व्यानर, फलानो विषयको पोस्टर, फलानो किताबको कभर- ... साप्ताहिकको हेडमास्ट उहाँले बनाउनु भएको'... । "तपाइले मलाई कार्टुन बनाउन मद्दत गर्नु पर्‍यो, मलाइ आधुनिक विधि थाहा छैन" प्रश्रितले त्यतिखेर भनेको वाक्य आजपनि मलाई संझना छ । अझ फर्कने क्रममा थाहा पाएं, प्रश्रितसंगै भेटिएकी महिला शान्ता मानवी थिईन । तिनै कमरेडका अनुसार 'नारी बन्धन र मुक्ति'मा उल्लेख गरिएकी 'बहिनी पात्र' तिनै थिइन । त्यो दिन म मा खुशीको सीमा नै रहेन !

त्यो दिन पनि आयो, मलाई प्रश्रितले आफ्नो किताव- "अतितका पाइलाहरु" को कभर बनाउन आग्रह गरे । यसको लगत्तै पैरवी प्रकाशनले छापेको पारिजातको "पर्खाल भित्र र बाहिर"को कभर बनाएपछि, प्रश्रितका 'देवासुर संग्राम' र 'मानव महाकाव्य'को एउटा संस्करणको कभर बनाउने मौका पनि पाएं । यी कामहरुले स्वभाविक रुपमा मलाई उनको नजीक पुग्न मद्दत गर्‍यो ।

२०४६ सालको जनआन्दोलन पछि भने प्रश्रित लेखक कम, कमरेड ज्यादा भए । म त्यसपछि उनका भाषणको फ्यान बन्न पुगें । भलै मदन भण्डारीको अभ्युदयका कारण पद्मरत्न तुलाधर जस्तै मोदनाथ प्रश्रितका भाषण पनि छायाँमा पर्‍यो ।

राजनीतिक गतिविधिको डेढ दशकसम्म कहिले मातहत कमिटीका कार्यकर्ता त कहिले समान कमिटीको कनिस्ट सदस्यको रुपमा मैले प्रश्रितलाई नियाल्न पाएं । अझ पार्टी केन्द्रका बैठकहरुमा उनका प्रस्तुती अरुका भन्दा फरक धारको मैले पाएं । ३० को दशकमा 'पेस्तोल, गुरिल्ला युद्ध, विद्रोह जेल-नेल र मुक्ति' जस्ता लेखबाट पार्टीपंक्तिलाई उर्जा थप्ने प्रश्रित, म पार्टी केन्द्रमा पुग्दा 'आर्थिक क्रान्ति, जनस्वास्थ्य, इलम र वैकल्पिक व्यवसाय सहितको राजनीति'को वकालत गर्दै थिए । अहिले अरु केही कमरेडहरु पनि बोल्न थालेको म पाउंछु, तर त्यतिखेर "राजनीति पेसा हैन, पेसा बनाउनु पनि हुन्न, श्रमबाट अलग रहेको राजनीतिले हाम्रो आदर्श बोक्दैन" भन्ने उनका भनाई खासै सुनिएको जस्तो मैले ठानिन । "नेताहरु लामा/लामा भाषण गर्छन्, बाहिर र कमिटीको बैठकमा पनि । तर यी सबै भाषणका गुदी चाँहि के हो? केही पनि छैन्, सरस र सरल पनि छैन, रुखो-झिंजो लाग्ने- इर्ष्या, आवेग र अहमको थुप्रो मात्र!" उनले आफैले गरेको प्रश्नको आफैले दिएको यस्तो जवाफले मलाई पटक पटक 'यी प्रश्रित समाज मिल्दो नभएका हुन् की यो कमिटी हाम्रो समय सापेक्ष नभएको हो' भन्ने सोच्न बाध्य पारेको थियो । अहिले पनि म प्रश्रितसंगको प्रसंगमा यी प्रश्नको चित्त बुझ्दो जवाफ पाउदिन । सुनेको थिएँ- जागिर माग्न आएका काभ्रेका कार्यकर्तालाई 'लप्सी खेती गर, आलु वाली लगाउ, दुई/चार हजारको जागिर भन्दा ज्यादा आम्दानी गर्न सक्छौ' भन्ने सुझाव दिएका कारण पछिल्लो चुनावमा केशव बडालालाई काभ्रेली ठिटाहरुले हराइ दिएका हुन रे! त्यस्तै कृषि उत्पादनको व्यवसायिक/ व्यापारिककरण गर्ने प्रशिक्षण दिएकाले मोदनाथ प्रश्रितलाई पनि "जनवादी क्रान्तिको हैन, कागतीको सिरप"का प्रवर्द्धक भनी उछित्तो काट्नेहरुलाई पनि मैले भेटेको छु ।

के त्यसो भए हाम्रा प्रश्रितका चन्द्रमा मा औसी नै थिएन त? त्यस्तो त कोही पनि हुनै सक्दैन । मलाई लाग्छ, साहित्यकारको रुपमा प्रश्रित जति जमे, उनी अखवारको 'कोलम-लेखक'को रुपमा जमेनन् । अझ कतिपय अवस्थामा त पट्यार लाग्दा लेखक ! प्रशिक्षक र वक्ताको रुपमा प्रश्रित जति प्रभावशाली रहे, मन्त्रीका रुपमा फिक्का ! आर्दश लेखनमा उनी जति अग्ला देखिए, घर-व्यवहारका मामिलामा आलोचनाका शिकार ।

तर भेट्दै नभेटेको, अर्काले भनेको सुनेर 'फ्यान' बनेको म जस्तो व्यक्तिको दृष्टिमा प्रश्रित बहुमुखि प्रतिभा हुन् । दर्शन-सिद्धान्त-संस्कृति-इतिहास-विज्ञान-कला आदिका अथाह भण्डार हुन्, नेपालमा रहेका इनेगिने विद्वानहरुमा मध्येका एक हुन् ।

एउटा प्रसंग यहाँ उल्लेखनीय छ । म नेकपा (एमाले) को सामाजिक सेवा विभागको प्रमुख रहिरहे कै वेला एकचोटी डा. मथुराप्रसाद श्रेष्ठ भेट्न आएका थिए । उनीसंगै अरु दुई जना विभागका सदस्य कमरेडहरु पनि थिए । डा. मथुराले निरङ्कुस राजतन्त्रको विरुद्ध नागरिक आन्दोलनको लागि पार्टीले के गर्नुपर्ला भन्नेमा विभिन्न सुझाव दिए । छलफल सकियो । अरु साथीहरुसंगै उनलाई विदा गर्न म पनि तल झरें । मलाई नै भेट्न आएका र मसंगै झण्डै एक घण्टा कुरा गरेर भरखरै विदा भएका डाक्टर साहेवले हात मिलाउँदै सोधे- "अनि भाईको रे, नाम के रे ?" म त हेरेको हेर्‍यै भएं । संगै रहेका कमरेडले हाँस्दै भने- "डाक्टर मथुरा इज इन्साइक्लोपेडिया वीथआउट इन्डेक्स !"

मलाई लाग्छ, डा. मोदनाथ प्रश्रित पनि त्यस्तै 'इन्साइक्लोपेडिया' हुन् तर 'इन्डेक्स' सहितको ! तसर्थ 'डा. प्रश्रित इज आयन इन्साइक्लोपेडिया वीथ मेनी रिफरेन्सेज; दि इन्साइक्लोपेडिया अफ मल्टिपल डिसिल्पेन !'

- विष्णु रिमाल
काठमाडौं, २०६८ जेठ ३ गते ।